# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०४।१६ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-------------------------------------------------

साबिक जिल्ला विकास समितिको कार्यालय सिध्दार्थनगर,रुपन्देहीमा मिस्त्री टेलिफोन(टेलिफोन अपरेटर) पदमा कार्यरत निरजकुमार मल्लिकले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी सेवामा प्रवेश गरेकाले कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश, भारतबाट प्राप्त हाईस्कूल पास गरेको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवामा प्रवेश गरी बहाल रही लाभ समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता